# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं आश्विन १५ गते ०८ साल

## भाग ४

## खाद्यविभागको विज्ञप्ति

खाद्यकृषिमन्त्रालयको २४।४।०८को विज्ञप्तिअनुसार कान्तिपुर, ललितपुर र भक्तपुर टोलरक्षासंघ केन्द्रको रेखदेखमा उक्त तीनसहरभित्र टोलटोलमा अहिलेलाई मोरु १ के।।४।५ साढेचार मानाका दरले चामलपसलेहरूबाट सरकारिया चामल यही आश्विन २ गतेदेखि उठाउन लागेकोले सर्वसाधारण-लाई थाहा होस् भन्नाको निमित्त यो विज्ञप्ति निस्केको छ।यसबाट यो आज्ञा गरिन्छ कि अब चाँडै नै अरु चामलको बिक्रीको भाउ पनि यही स्तरमा चाँडै नै आउनेछ।

चामल बिक्रेता पसलेहरूलाई सरकारबाट सयकडा मोरु २ दुइ र ठाउँ ठाउँमा पुऱ्याउन मोटर लरी भाडासमेत सरकारबाट पाएका छन्।

उपरोक्त तीन सहरहरूमा स्थापित शान्ति सुरक्षासंघ केन्द्रहरूद्धारा टोल-रक्षासंघको रेख देखमा भारतबाट आएको चामल पनि बिक्री वितरण हुन लागे-कोले जनतालाई सूचनार्थ यो विज्ञप्ति प्रकाशित गरिएको छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।